सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५४ | गान्तोक, (शुक्रबार) नोभेम्बर २६, २०२१ | अङ्क ३५

## स्थानान्तरित कर्मचारीहरूको निम्ति विदाई समारोह सम्पन्न

गान्तोक।
२३ नोभेम्बर, राजभवनमा राजभवन परिवारले स्थानान्तरित अधिकारीहरू क्रमशः राजभवनका विशेष सचिव श्री बीके लामा, अतिरिक्त जिल्लापाल (आर्मी) मेजर श्री विकास कुमार सुहाग र सेवानिवृत कर्मचारीहरू श्री उगेन लेप्चा, श्री फुर्बा छिरिङ लेप्चा श्री हिशे लेप्चा र श्री भीमकुमार तामाङलाई विदाई दिएको छ। राज्यपाल श्री गङ्गा प्रसादको अगुवाईमा विदाई समारोह आयोजन गरिएको थियो। कार्यक्रममा मुख्य अतिथिको रूपमा राज्यपाल श्री गङ्गा प्रसाद र प्रथम महिला श्रीमती कमलादेवी उपस्थिति रहनुभएको थियो। राजभवनद्वारा विभिन्न समयमा गरिएका विशिष्ट कार्यहरूजस्तै एमजी मार्गमा १०४ फिट अग्लो राष्ट्रिय ध्वजको निर्माण, राजभवनमा ब्याटमिन्टन हलको निर्माण, सरदार वल्लभभाई पटेल एवं नेताजी सुभाषचन्दर बोसको मूर्ति स्थापना, डाक्टर्स दिवसमा कोभिड वारियरहरूलाई सम्मानित गर्नु, राजभवन कर्मचारीका नानीहरूलाई सर्वाधिक अङ्क प्राप्त गरेकोमा पुरस्कृत गर्नु, प्रोत्साहन राशिद्वारा कर्मचारीहरूलाई सम्मानित गर्नु, पर्वमा सुरक्षा बललाई सप्रेम भेट प्रदान गर्नु, ऐतिहासिक कार्यको रूपमा राज्यपालद्वारा कोख लिएको गाउँलाई आदर्शगाउँमा परिवर्तन गर्नु, राजभवन प्राङगणमा ६० फिट अग्लो राष्ट्रिय ध्वज निर्माण गर्नु, राजभवन परिसरमा नानीहरूको निम्ति पार्कको जीर्णोद्वार गर्नु आदि जस्ता कार्यहरूको निम्ति राजभवन परिवारद्वारा राज्यपालाई सम्मान एवं कृतज्ञता व्यक्त गरेको कुरा राजभवनबाट जारी प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ।

## राज्य(डोनर) सहकारी मन्त्रीद्वारा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङसित भेट



२५ नोभेम्बर, मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले राज्यमन्त्री (डोनर), श्री बीएल वर्मासित उहाँको आधिकारिक निवास मिन्तोकगाङमा भेट गर्नुभयो। भेटघाटको अवसरमा राज्यका विभिन्न विकास परियोजनाहरू र सिक्किममा सहकारी क्षेत्रलाई बढावा दिने र प्रवर्द्धन गर्नेबारे छलफल गर्नुभयो। राज्यमन्त्रीले यस सम्बन्धमा आफ्नो समर्थन जनाउँनुहुँदै। सहकारी क्षेत्रमा उद्यमशीलताले तल्लो तहमा आम्दानी बढाउन सहयोग पुग्ने बताउनुभयो। यसका साथै उहाँले राज्य सरकारको कृषि र सम्बद्ध क्षेत्रमा प्रोत्साहन प्रदान गर्ने पहललाई स्वीकार गर्नका साथै राज्य सरकारद्वारा पेश गरेको प्रस्तावको आधारमा सिक्किम राज्य सहकारी संघ (एसआइसीयूएन) र सिक्किम मिल्कलाई सहयोग गर्ने आश्वासन दिनुभयो।

## राज्यपालद्वारा विद्या भारती सिक्किम-लाई प्रोत्साहनस्वरूप पाँच लाख प्रदान

गान्तोक।
२३ नोभेम्बर, राज्यपाल श्री गङ्गा प्रसादले गैर सरकारी सङ्गठन विद्या भारती-लाई प्रोत्साहन राशिको रूपमा पाँच लाख रूपियाँ प्रदान गर्नुभयो। राज्यपालले भन्नुभयो,विद्यार्थीहरूको सर्वाङ्गीण विकासको निम्ति प्रयासरत् विद्या भारती सिक्किमले सङ्गीत, नैतिक, आध्यात्मिक , योग संस्कृत शिक्षामा बल दिँदै आइरहेको छ। कार्यकर्ताहरूको अथक प्रयास र समर्पणद्वारा राष्ट्र निर्माण कार्यमा आफ्नो महत्त्वपूर्ण भूमिका नभाउँदै आइरहेको कुरा राज्यपाल श्री गङ्गाप्रसादले बताउँनुभयो।

## ताजा र प्रशोधित खाद्य पदार्थहरूको प्याकेजिङ सम्बन्धी दुई दिवसीय क्षमता विकास तालिम आयोजित




गान्तोक।
२३ नोभेम्बर, ताजा र प्रशोधित खाद्य पदार्थहरूको प्याकेजिङ सम्बन्धी दुई दिने क्षमता विकास र प्रशिक्षण कार्यक्रम पशुपालन तथा पशु चिकित्सा सेवा प्रशिक्षण एवं विस्तार कक्ष, गान्तोकमा सम्पन्न भयो।
कार्यक्रम सिक्किम सरकारको खाद्य प्रशोधन उद्योग मन्त्रालय र केन्द्रीय इन्डियन इन्स्टिच्युट अफ प्याकेजिङ्ग, कोलकाताको सहयोगमा माइक्रो फूड प्रोसेसिङ इन्टरप्राइजेज स्कीम (पीएमएफएमई) अन्तर्गत आयोजना गरिएको थियो। तालिम कार्यक्रममा जम्मा ४५ जना प्रशिक्षार्थीहरुले सहभागिता जनाएका थिए।
आत्मनिर्भर भारत अभियान अन्तर्गत सुरु गरिएको (पीएमएफएमई) योजना, खाद्य प्रशोधन उद्योगको असंगठित खण्डमा अवस्थित व्यक्तिगत लघु उद्यमहरूको प्रतिस्पर्धात्मकता बढाउन र क्षेत्रको औपचारिकीकरणलाई बढावा दिन र एफपीओ-लाई समर्थन प्रदान गर्ने उद्देश्यका साथ केन्द्रीय प्रायोजित योजना हो। स्वंय सेवा समूह, र सहकारी संस्थाहरूले आकर्षक प्याकेजिङ विधिहरू मार्फत आफ्ना उत्पादनहरूमा थप मूल्य प्राप्त गर्न सक्ने छन्।

रहल पृष्ठ ४ मा.....

## गुवाहटीमा आयोजित उत्तरपूर्वी शिक्षा मन्त्रीहरुको बैठकमा सिक्किमका शिक्षा मन्त्रीको सहभागिता



गान्तोक।
२१ नोभेम्बर, शिक्षा मन्त्री श्री कुङ्गा निमा लेप्चाले गुवाहटीमा आयोजित उत्तर पूर्व शिक्षा मन्त्रीहरुको बैठकमा सहभागिता जनाउँनुभयो। बैठकको अध्यक्षता केन्द्रीय शिक्षा मन्त्री श्री धर्मेन्द्र प्रधानले गर्नुभएको थियो। बैठकमा असमका मुख्यमन्त्री हिमन्त बिश्व सरमासहित पूर्वोत्तर राज्यका शिक्षा मन्त्रीहरुको सहभागिता रहेको थियो। बैठकमा आफ्नो सम्बोधन राख्नुहुँदै मन्त्री श्री लेप्चाले शिक्षाको क्षेत्रमा सिक्किम सरकारका उपलब्धिहरूबारे जानकारी गराउनुभयो। उहाँले शिक्षाको क्षेत्रमा केन्द्रीय साहयता सम्बन्धी केही मुद्दाहरू पनि उठाउनुभयो र समग्रशिक्षा स्कूल शिक्षा,रूसा र उच्च शिक्षा क्षेत्रमा अझ सहायता प्रदान गर्न केन्द्र सरकार समक्ष अनुरोध गर्नुभयो। बैठकमा बोल्नुहुँदै मन्त्री श्री लेप्चाले नर्सरीदेखि कक्षा तीनसम्म आधारभूत साक्षरता र संख्यात्मकता हासिल गर्न निपुण भारतको सिक्किम च्यप्टर शुभारम्भ गरिएको पनि अवगत गराउनुभयो। उहाँले सिक्किममा राष्ट्रिय शिक्षा नीति,२०२०-को कार्यन्वयनमा भइरहेको प्रगतिबारे पनि जानकारी दिनुभयो। यसरी नै केन्द्रीय मन्त्री श्री धर्मेन्द्र प्रधानले सिक्किमलाई बधाई दिनुहुँदै सिक्किम पूर्वोत्तर राज्यहरूमा राष्ट्रिय स्तरमा पनि अग्रणी रहेको बताउनुभयो। उत्तर पूर्वी शैक्षिक सम्मेलनमा शिक्षा विभागका अतिरिक्त मुख्य सचिव श्री जीपी उपाध्याय र प्राथमिक शिक्षाका निदेशक श्री भीम ठटाल पनि सहभागी बन्नुभएको थियो।

# विश्व मत्स्यपालन दिवस सम्पन्न











गान्तोक।
२१ नोभेम्बर, मत्स्य पालक निर्देशकद्वारा राज्यका चारै जिल्लाहरूमा कार्यशाला र जागरूकता कार्यक्रमहरू आयोजना गरेर विश्व मत्स्य दिवस–२०२१ मनाइएको छ। विश्व मत्स्य दिवस हरेक वर्ष २१ नोभेम्बरमा विश्वभरी मनाइन्छ। यसको मुख्य उद्देश्य विश्वमा माछापालनको दिगो स्टकको महत्वलाई उजागर गर्नु हो। यसले स्वस्थ र सन्तुलित पानी इकोसिस्टम र वरपरको आवश्यकता जस्ता अन्य सम्बन्धित कारकहरूमा पनि ध्यान केन्द्रित गर्दछ। विश्व मत्स्यपालक समुदायहरूको निम्ति महत्वपूर्ण दिन हो। पूर्व जिल्लाको गान्तोक, पश्चिम जिल्लाको माथिल्लो श्रीबदाम, दक्षिण जिल्लाको नाम्ची र उत्तर जिल्लाको रामथाङमा कार्यक्रम विश्व मत्स्यपालन दिवस आयोजना गरिएको थियो। पूर्व जिल्लाद्वारा गान्तोकमा आयोजित कार्यक्रममा मत्स्यपालन निर्देशक श्री एन जसवंत उपस्थित हुनुहुन्थयो। कार्यक्रममा सम्बन्धित जिल्लाका मत्स्यपालकको उपस्थित रहेको थियो जहाँ मत्स्य पालन अधिकारीहरुद्वारा श्रोत संरक्षणको महत माथि प्रकाश पारिएको थियो। सहभागीहरूलाई सिक्किमको मान्यताप्राप्त राज्य माछालाई सामान्यतः चकलेट महसीर र स्थानीय रूपमा कतले भनेर चिनिने र राज्यको परिस्थिति प्रणालीमा यसको महत्वबारे पनि जानकारी गराइएको थियो। मत्स्य पालन निर्देशनालयले अवैध माछा मार्ने काम रोक्न विभाग र समुदायको संयुक्त सहयोगको अपिल गर्नुभएको छ। सहभागीहरूलाई प्रधानमन्त्री मत्स्य सम्पदा योजना र मुख्यमन्त्री श्री प्रेमसिंह तामाङद्वारा २८ अक्टोबर २०२१ मा हालै सुरु गरिएको मुख्यमन्त्री मत्स्य उत्पादन योजना जस्ता विभिन्न योजनाहरूबारे सचेत गराइएको थियो। उहाँहरूलाई योजनाहरू अन्तर्गत प्राप्त गर्न सकिने फाइदाहरूबारे पनि जानकारी गराइयो। कार्यक्रममा मत्स्य पालन व्यवसायमा प्रशंसनीय काम गर्ने मत्स्यपालकहरु क्रमैले श्री राजदीप थापा, श्रीमती अमृता शर्मा,श्री रूद्र नर्सिङ साक्य अनि श्री विभेग क्षेत्री पूर्व सिक्किमबाट र पश्चिम सिक्किमबाट श्री केशाङ दोर्जी भोटियालाई प्रशंसा प्रत्र

# सिक्किम फिल्म प्रमोशन बोर्डको तेस्रो बोर्ड बैठक सम्पन्न



गान्तोक।
१८ नोभेम्बर,सिक्किम फिल्म प्रमोशन बोर्डकी अध्यक्ष सुश्री पूजा शर्माको अध्यक्षतामा सिक्किम फिल्म प्रमोशन बोर्डको तेस्रो बोर्ड बैठक सम्पन्न भयो। फिल्म बोर्डकी अध्यक्षको कक्षमा सम्पन्न बैठकमा सूचना एवं जनसम्पर्क विभागका सचिवा श्रीमती सिफोरा तारगेन, डीआइजी रेन्ज श्री प्रविण गुरुङ,अतिरिक्त जिल्लापाल पूर्व श्रा हेमन्त राई, सीए एसआइसीबी श्री विशाल राई,सीएफ(टी), वन विभाग, श्री कर्मा लेङ्से भोटिया, सूचना एवं जनसम्पर्क विभागका निदेशक श्रीमती बेनु गुरुङ ,सूचना एवं जनसम्पर्क विभागका संयुक्त निदेशक श्री विशाल खावस, पर्यटन विभागका संयुक्त सचिव ,श्री मार्कस पी राई, वित्त विभागका उपनिदेशकश्री देव कुमार तामाङ, एएस होम श्री किशोर प्रधान,सूचना एवं जनसम्पर्क विभागका सहायक निदेशक श्री साइमन सुब्बा, नोडल अफिसर फिल्म बोर्ड श्रीमती कर्मा टी डेल्मा ,सहायक निर्देशक फिल्म बोर्ड श्रीमती डिकी युथेन्पाको उपस्थिति हुनुहुन्थ्यो।
सिक्किम फिल्म प्रमोशन बोर्डकी अध्यक्ष, सुश्री पूजा शर्माले तेस्रो बोर्ड बैठकमा सबै बोर्ड सदस्यहरूलाई स्वागत गर्नुभयो। उहाँले सिक्किम ग्लोबल फिल्म फेस्टिभलको दोस्रो संस्करण फिल्म पर्यटन प्रवर्द्धन र स्थानीय कलाकार र फिल्म प्रोडक्सन हाउसहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले आयोजना गरिएको बताउनुभयो। उहाँले आगमी महोत्सवले स्थानीय चलचित्र निर्माता र डिजाइनरहरूलाई आफ्नो चलचित्र र फेसन डिजाइनको प्रवर्द्धन र प्रदर्शन गर्ने प्रशस्त अवसर प्रदान गर्ने बताउनुभयो। त्यसपछि १०–१४ डिसेम्बर २०२१ सम्म हुने आगमी सिक्किम ग्लोबल फिल्म फेस्टिबलको घटना प्रवाहको बारेमा बोर्ड सदस्यहरूलाई जानकारी गराउनुभयो। त्यसपछि, सुश्री शर्मा र बोर्ड सदस्यहरूले कार्यक्रमको निम्ति पूरक र अस्थायी बजेटमा मुख्य छलफल गर्नुभयो। सुश्री शर्माले सूचना र जनसम्पर्क विभागको नेतृत्वमा सिक्किम फिल्म प्रमोशनद्वारा प्रस्तावित १० प्रडक्सन हाउस अनि १४ जना व्यक्तित्वहरुलाई प्रदान गरिने राज्य पुरस्कारको वर्गहरुमाथि प्रकाश पार्नुभयो। लघु फिल्म प्रतियोगिता(उत्कृष्ट चलचित्र), जनजाति,आदिवासी र क्षेत्रीय चलचित्र प्रतियोगिताका लागि उत्कृष्ट चलचित्र एक मिनटको भिडियो प्रतियोगिता र विशेष वृत्तचित्र समावेश गरी बोर्डले प्रस्ताव गरेको अध्यक्षले बताउनुभयो। सिक्किम, सर्वश्रेष्ठ लर्घु फिल्म(अन्तराष्ट्रिय), सर्वश्रेष्ठ डेब्यू फिल्म निर्माता र विशेष सामाजिक कारण र जागरूकताको छोटो फिल्म। अध्यक्ष सुश्री शर्माले ग्लोबल फिल्म फेस्टिबल संगसँगै सम्पन्न हुने लगानीकर्ता र निर्माताहरूको बैठकको बारेमा बोर्ड सदस्यहरूलाई जानकारी दिनुभयो। सिक्किम चलचित्र प्रवर्द्धन बोर्डले

रहल पृष्ठ ३ मा.....

# बाल संरक्षण योजना अन्तर्गत एकदिवसीय कार्यशाला

गेजिङ।
२२ नोभेम्बर, नवगठित बाल पञ्चायतहरूबीच पहिलो गाउँस्तरीय बाल सांसद गठनसम्बन्धी एकदिवसीय कार्यशाला २३ साङ्खु रादु खाण्डु जीपीयूमा सम्पन्न भयो। जिल्ला बाल संरक्षण इकाई, पश्चिम जिल्लाबाल संरक्षण योजना, महिला तथा बाल विकास विभाग गेजिङद्वारा आयोजित कार्यशालाको मुख्य उद्देश्य बालबालिकालाई आफ्नो अधिकार प्रवर्द्धन गर्न वकालत गर्ने मञ्च प्रदान गर्नु रहेको थियो। कार्यक्रममको अध्यक्षतामा जिल्ला बाल संरक्षण अधिकारी, पश्चिम सुश्री भावना सुब्बा र पश्चिम सिक्किमका विभिन्न ग्राम विकास ईकाइ–का अन्य प्रतिष्ठित व्यक्तिहरू, बाल संरक्षण अधिकारी श्री तेज कुमार थापा डीसीपीयू कर्चचारीहरूको उपस्थिति रहेको थियो। डीसीपीयू, पश्चिमले बाल अधिकार र अन्य बाल सम्बन्धी मुद्दाहरूको बारेमा संक्षिप्त रूपमा प्रकाश पार्नुभयो। बाल बालिका–बाल पञ्चायतहरूले आफ्ना प्रतिनिधि सुश्री अन्नान्या चौहानलाई प्रधानमन्त्री,वीर बहादुर छेत्रीलाई उपप्रधानमन्त्री,सुश्री सुप्रिय प्रधानलाई सांसदीय मामिला मन्त्री र श्री रिन्छेन तामाङ अर्थमन्त्रीमा निर्वाचित रहेका छन। शपथ ग्रहण समारोह साङ्खु क्षेत्रका जिल्ला पञ्चायत अध्यक्ष, गीताङ कर्माटार सोपाखा, मानेबुङ देन्ताम रधु खाण्डु ग्राम विकास अध्यक्षहरूको उपस्थितिमा सम्पन्न भएको थियो। श्री तेज कुमार थापा, बाल संरक्षण अधिकारी, अनुग्ल्या दार्जिलिङले आफ्नो प्राविधिक सत्रमा उक्त कार्यक्रमको निम्ति स्रोतवक्ताको रूपमा आमन्त्रित बाल सांसदहरूको भूमिका र जिम्मेवारीहरूको व्याख्या गर्नुभयो।

# तोयाङ बस्तीमा धान कटनी कार्यक्रम सम्पन्न



गेजिङ।
२४ नोभेम्बर, पश्चिम सिक्किमको याङथाङ क्षेत्र अन्तर्गत पर्ने तोयाङ गाउँमा आयोजित ऐक हप्ता लामो धान कटनी महोत्सव २०२१ कृषि अभ्यास र परम्परागत सांस्कृत कार्यक्रमको समापन भएको छ। कार्यक्रममा कृषि वागवानी तथा पशुपालन तथा पशु चिकित्सा सेवा विभाग मन्त्री श्री लोकनाथ शर्मा मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थयो। क्षेत्र विधायक श्री भीमहाङ सुब्बा विशिष्ठ अतिथिको रूपमा उपस्थित रहनुभएको थियो।
कार्यक्रममा सल्लाहकार, अध्यक्ष पञ्चायत, कृषि ,सचिव श्री रिन्जिन सी भोटिया, सचिव पशुपालन एवं पशु चिकित्सा विभाग श्री साङ्गे डी भोटिया, वागवाणी विभागका प्रमुख निदेशक, विभागीय,अधिकारी, कृषक र अन्यको उपस्थिति रहेको थियो। भेलालाई सम्बोधन गर्नुहुँदै मन्त्री श्री शर्माले परम्परागत तरिकाले धान खेती प्रवन्धनमा अनुपम धान कटाई महोत्सव आयोजना गरेकोमा याङथाङ निर्वाचन क्षेत्रलाई बधाई दिनुभयो। मन्त्री श्री शर्माले राष्ट्रिय पशुधन मिशन अन्तर्गत ५० प्रतिशत अनुदान दिने व्यवस्थालाई पनि प्रष्ट पार्नुभयो। उहाँले हालैका वर्षहरूमा संस्कृत शिक्षकहरूका स्थायीकरणको निम्ति सरकारद्वारा गरिएको विभिन्न पहल साथै सिक्किम गरीब आवास योजना शुरु गर्ने सरकारी पहलहरू पनि बताउनुभयो। आयोजक समितिले कार्यक्रमलाई सफल बनाउन योगदान पुऱ्याउनुहुनै मन्त्री, स्वयंसेवक र व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो। बाँजो जमिनलाई खेतीयोग्य जमिनमा परिणत गरेर सराहनीय भूमिका निर्वाह गरेकोमा श्री बिर्खमान लिम्बूलाई पनि सम्मान गरिएको थियो।
कार्यक्रममा एक सयभन्दा बडी कृषकहरूलाई खेती गर्ने सामाग्रीहरू पनि प्रदान गरिएको थियो। कार्यक्रममा परम्परागत रंगारङ्ग सांस्कृतिक कार्यक्रम प्रदर्शन र परम्परागत स्टलहरू पनि रहेको थियो। भलिबल प्रतियोगीताको फाइनल खेल पनि रहेको थियो। विभिन्न सांस्कृतिक कार्यक्रमहरूसंगै यसवर्ष २०२१ को धान कटनी महोत्सव समाप्त भएको थियो।

रहल पृष्ठ ४ मा....

# टाशिलिङ सचिवालयमा सम्पन्न भएको मन्त्रीपरिषद् बैठकमा सरकारद्वारा निम्न प्रस्तावहरू स्वीकृत

हालै टाशीलिङ सचिवालयमा मख्यमन्त्रीको अध्यक्षतामा सम्पन्न बैठकमा विभिन्न विभागीय प्रस्तावहरु पारित गरिएको छ

**कृषि विभाग–**

सिक्किम राज्य जैविक प्रमाणीकरण एजेन्सी(एसएसओसीए)–लाई अनुदान सहायता स्वरुपो रु.१००.०० लाख स्वीकृति गरिएको छ।

**भवन तथा आवास विभाग–**

पूर्व सिक्किम गान्तोकस्थित पूरानो राजभवनमा मरम्मती, छत प्रतिस्थापन अनि अन्य कार्यहरुको निम्ति प्रशासनिक अनुमोदन स्वीकृति रु.१४२.२१ लाख दिएको छ भने चालू वित्तीय वर्षको निम्ति आर्थिक स्वीकृति रु. १०० लाखको स्वीकृति गरिएको छ।

**वाणिज्य तथा उद्योग विभाग–**

– सिक्किम खादी र ग्रामोद्योग बोर्डलाई अनुदान सहयोगको रूपमा रु.२,९७,९५,००० को पूर्ण वित्तीय मञ्जुरी अनि पहिलो त्रैमासिकको निम्ति रु.८३,४५,००० को कार्योत्तर पुष्टिको वित्तीय स्वीकृतिको प्रशासनिक अनुमोदन र स्वीकृति दिएको छ।

–वित्तीय वर्ष २०२१–२२ को निम्ति तिटि टि स्टेटलाई अनुदानस्वरुप रु.८.०० करोडको पूर्ण वित्तीय मञ्जुरी अनि पूर्व तथ्य आर्थिक स्वीकृति रु.१,८४,४९,००० पहिलो त्रैमासिक अनुदानको रूपमा जारी गरिएको छ।

**शिक्षा विभाग–**

पश्चिम जिल्लामा पर्ने लुङ्जिक प्राथमिक विद्यालयलाई लुङ्जिक निम्न माध्यमिक विद्यालयमा स्तरोन्नति गर्नको निम्ति स्वीकृति गरिएकोछ।

–समग्र शिक्षा परियोजना अन्तर्गत ४(चार)स्रोत शिक्षक–विशेष शिक्षकलाई नियमित गर्ने।

–चालु वित्तीय वर्षमा एटीटीसी,वर्दाङ र सीसीसीटी, चिसोपानीलाई अनुदानको दोस्रो अनि अन्तिम किस्तीस्वरुप रू ३२५.०० लाखको दरले रु.६५०.०० लाख प्रदान गरिने निर्णय लिएको छ।

**वन तथा पर्यावरण विभाग–**

वर्ष २०२१–२२ को निम्ति आगलागी रोकथाम र व्यवस्थापन योजना कार्यन्वयन गर्नको रू रु.९०.८९ लाख अनुमोदन गरिएको छ।

–वर्ष २०२१–२२ मा जेआइसीए प्रायोजित सिक्किम जैविविविधता संरक्षण र वन व्यवस्थापन परियोजना को सञ्चालनको रु.६१.९१ करोड अनुमोदन गरिएको छ।

**विद्युत विभाग–**

पूर्ण सिक्किम राङ्का महकुमाअन्तर्गत मेडिकल कलेजमा बिजुली आपूर्ति को निम्ति २५० केभीए ११–०.४३ केभी आउटडोर डिस्ट टान्सफर्मरको स्थापना सहितको ११केभी सिचे–राङ्का ट्रंक लाइनको डाइभर्जनको निम्ति रु.४६.४८ लाख अनुमोदन गरिएको छ।

**जन स्वास्थ्य अभियान्त्रिकी विभाग**

–पूर्व सिक्किमको सिङ्ताम जिल्ला अस्पतालमा नियमित जलापूर्ति साथै नयाँ जल सञ्चय कार्यको निम्ति प्रशासनिक रु. ४५.१३ लाख अनुमोदन गरियो भने चालू वित्तीय वर्षको लागि रु.४३.०० लाख अनुमोदन गरियो।

– राभाङ्लामा सेलेले पहिरो क्षेत्रबाट खाने पानीको मूल स्रोतलाई स्थायी रुपमा सार्ने कार्यको निम्ति रु. २६,४६,१४१प्रशासनिक अनुमोदन गरियो। ।

गान्तोक पूर्व सिक्किम पानीहाउस, देउरालीमा पानी आपूर्ति प्रणालीको विस्तार उन्नतीकरणका निम्ति रु.१०६.०० लाख अनुमोदन गरियो भने र रु.२०.०० लाख चालू वित्तीय वर्षको लागि आवण्टित गरिएको छ।

– दक्षिण सिक्किमको राभाङलामा अवस्थित आरसीसी क्लियर पानी रिजर्भेयरको सुदृढीकरण र पुननिर्माणको निम्ति रु.२८,८५,९७०.०० अनुमोदन गरिएको छ।

– नाम्ची डब्ल्यू जलापूर्ति विस्तार कार्यक्रमको निम्ति विस्तारको निम्ति रु.१३८.४९ लाख अनुमोदन गरियो भने रु.३०.०० लाख चालू वित्तीय वर्षको लागि आवण्टन गरिएको छ।

**कौशल विकास विभाग–**

औद्योगिक प्रशिक्षण संस्थान गेजिङ पश्चिम सिक्किम गेजिङमा औद्योगिक प्रशिक्षण संस्थानको छात्रावास र सीमांकन कार्यको निम्ति रु.२१५.९३ लाख अनुमोदन गरियो भने रु.२०२.०० चालू वित्तीय वर्षको निम्ति स्वीकृति गरिएको छ।

**पर्यटन तथा नागरिक उड्डयन विभाग–**

लाख तिमि–मा पर्यटन पूर्वाधारको विकासको निम्ति रु. ११५३.४८ अनुमोदन गरियो जसमा चालू वित्तीय वर्षको निम्ति रु.२००.०० लाख आवण्टन गरिएको छ।

– हेलिक्पटर सेवाहरूको व्यवस्थापन र तलब भुक्तानीको निम्ति एसटीडीसी–लाइ रु.१५०.०० लाख अनुदानको प्रशसनिक अनुमोदन गरिएको छ र

**शहरी विकास विभाग–**

पूर्व सिक्किमको सिङताम लालबजारस्थित नयाँ शपिङ कम्प्लेक्समा तीन(३) चरणमा बिजुली आपूर्ति प्रदान गर्न रु. ४८.८२ लाखको प्रशासनिक स्वीकृति प्रदान गरिएको छ।

**कृषि विभाग–**

वर्ष २०२१–२२–को निम्ति कृषि यान्त्रिकीकरण सब–मिशन(एसएमएएम) को कार्यन्वयनको निम्ति रु. १९५.५३ लाख अनुमोदन गरिएको छ।

वर्ष २०२१–२२ मा रेनफिड एरिया डेभ्लोमेन्ट (आरएडी)योजना कार्यन्वयन निम्ति रु. २२२.२२ लाख स्वीकृति गरिएको छ।

**पशुपालन तथा पशु चिकित्सा सेवा विभाग**

पश्चिम सिक्किम अप्पर रिम्बीमा पशु चिकित्सा औषधालय निर्माणको निम्ति रु.५०.०० लाख अनुमोदन गरियो।

– राष्ट्रिय पशुधन मिशन अन्तर्गत राज्यमा पोल्ट्री कुखुरा पालनलाई बढावा दिनको निम्ति रू ४८.३७५ लाख अनुमोदन गरियो। सिक्किमका आर्थिक रूपमा पछाडि परेका किसानहरूलाई बाख्रा वितरण गर्नको निम्ति ६३.३६ लाख अनुमोदन गरियो।

–सिक्किमका आर्थिक रूपमा पछाडिएका किसानहरूलाई भेडा वितरणका निम्ति रहेको छ रु.८५.८० लाख अनुमोदन गरियो।

**शिक्षा विभाग–**

शैक्षिक सत्र २०२२ मा विद्यार्थीहरुको जुत्ता र मोजा खरिद गर्नको निम्ति रु.२६२.६४ लाख अनुमोदन गरियो।

**ग्रामीण विकास विभाग–**

वित्तीय वर्ष २०२१ –२२ मा स्थानीय निकायलाई कोष हस्तान्तरण गर्नको निम्ति रु.३३४२.२९ लाख प्रशासनिक मञ्जूरी प्रदान गरियो।

**पर्यटन तथा नागरिक उड्डयन विभाग–**

कोलकताको मिडलटन स्ट्रिटमा रहेको सिक्किम हाउसको प्रमुख नवीकरण र पुननिर्माणका निम्ति रु.२२३.३९ लाख अनुमोदन गरियो भने चालू वित्तीय वर्षको लागि रु.१००.०० लाख आवण्टन गरियो। विभागीय रूपमा काम गर्नको निम्त रहेको छ।

**शहरी विकास विभाग–**

पश्चिम सिक्किमको नयाँबजारको आधारभूत पूर्वाधार विकास र सौन्दर्यकरणको निम्ति रु.९६.०० लाख अनुमोदन गरियो भने चालू वित्तीय वर्षको लागि रु.५०.०० लाख आवण्टन गरियो।

**पशुपालन र पशु चिकित्सा सेवा विभाग–**

इन्डिग्रेटेड डेभलपमेन्ट अफ फिशरी योजना अन्तर्गत मत्स्यपालन विकासका निम्ति विभिन्न गतिविधिहरू कार्यन्वयन गर्नको निम्ति रु.१३९८.७२ लाख अनुमोदन गरियो जसमा चालू वित्तीय वर्षको लागि रू रु.८३१.२६ लाख आवण्टन गरियो।

– वर्ष २०२१–२२ को निम्ति मुख्यमन्त्री मत्स्य उत्पादन योजनाको कार्यन्वयनको निम्ति रु.१००.०० लाख अनुमोदन गरियो।

*रहल पृष्ठ ४ मा.....*

## सिक्किम सरकार
## भू राजस्व एवं आपदा व्यवस्थापन विभाग
## टाशिलिङ सचिवालय खण्ड–ख

गान्तोक संख्या ४८/एलआर अनि डीएमडी/सिक्किम सरकार

मिति १०/११/२०२१

**भूमि अधिग्रहण, पुनस्थापना र पुनर्वास ऐन,२०१३(२०१३ को ऐन ३०)–मा उचित क्षतिपूर्ति र पारदर्शिताको अधिकारको धारा १९ अन्तर्गतको पर्ने प्रारम्भिक घोषणा।**

जबकि, प्रारम्भिक सूचना सङ्ख्या ३७/एलआरएण्डडिएमडि/एसीक्यू/जीओएस, मिति–०५/०२/२०२१ अनि राजपत्र सङ्ख्या ३५, मिति ०८/०२/२०२१–मा भूमि अधिग्रहण, पुनर्स्थापना र पुर्नवास ऐन, २०१३(२०१३ को ऐन ३०) मा उचित क्षतिपूर्ति र पारदर्शिताको अधिकारको दफा ११ अन्तर्गत यहाँ निर्धारित जमिन सार्वजनिक उद्देश्यको निम्ति उत्तर सिक्किमको लाचुङ ब्लकमा आईटीबीबी लिमा देखि छु–जंकश्नसम्म भारत सरकारका गृह मामिला विभागअन्तर्गत जन कार्य विभागद्वारा सडक निर्माणको आवश्यक्ता परेको सूचित गरिन्छ।

तथापि, उत्तर जिल्लाका महकुमा कार्यलयबाट बुझाएको फिल्ड रिपोर्टको आधारमा प्रस्तावित अधिग्रहणको कारण परिवारको विस्थापन नभएकोले अनिवार्य पुर्नस्थापना र पुर्नवास योजनाको तयार लागू हुने छैन।

अनि जहाँ ऐनको दफा ९ अनुसार सामाजिक प्रभाव मूल्यामन प्रतिवेदनलाई उपयुक्त सरकारले छूट दिएको छ।

अनि जहाँ भूमि अधिग्रहण, क्षतिपूरण, पुनर्स्थापना तथा पुर्नवास ऐन, २०१३ को दफा १९(१) अन्तर्गत उक्त जमिन सार्वजनिक प्रयोजनको निम्ति आवश्यक परेकोमा सरकार सन्तुष्ट रहेको छ। तसर्थ, भूमि अधिग्रहण, पुनर्स्थापना तथा पुर्नवास ऐन, २०१३ को दफा १९(२) बमोजिम उत्तर सिक्किम लाचुङ ब्लकमा उक्त जमिन सार्वजनिक प्रयोजनका लागि आवश्यक भएको कुरा भूमि अधिग्रहण, पुनर्स्थापना तथा पुर्नवास ऐन, २०१३ को दफा १९(२) बमोजिम घोषणा गरिएको छ।

उक्त जमिनको कार्ययोजनाबारे उत्तर जिल्ला अधिकारी कार्यलयमा निरीक्षण गर्न सकिनेछ।

राज्यः सिक्किम

जिल्लाः उत्तर

राजस्व ब्लकः लाचुङ

कूल प्लट सङ्ख्यः१४

अनुमानित जमिनः ३,१८५० हेक्टर।

उद्देश्यः भारत सरकारका गृह मन्त्रालयअन्तर्गत जन कार्य विभागद्वारा लिमादेखि छु जंकशनसम्म आईटीबीपी सडकमा सडक निर्माण गरिनेछ।

नीजि जमिनको विवरण–प्लट सङ्ख्या २४०४/पी,२४२७/पी,२४२८/पी,२४३२/पी(ए),२४३२/बी,२४३२/सी,२४४७/पी,२४४८/पी,२४४९/पी,२४१३/३२४१, २४५०/३२४७/पी, २३७६/३६१७/पी, २४४८/३६४९/पी धेरै अनि परिमाण लगभग ३,१८५० रहेको जमिन।

सीमानाहरूः

पूर्वः निजी जमिन,सिक्किम सरकार(खसमाल), नदी, फुटपाथ र खोला।

पश्चिमः पीएमजीएसवाई रोड, निजी जमिन, सिक्किम सरकार (खसमाल),नदी, फुटपाथ खोला अनि आरक्षित वन।

उत्तरः निजी जमिन, सिक्किम सरकार(खसमाल) नदी, फुटपाथ र खोला

दक्षिणः निजी जमिन, सिक्किम सरकार(खसमाल) खोला,फुटपाथ अनि खोला

**आदेश–**

**सरला राई, आईएएससचिव,**

**भूमि राजस्व र आपदा व्यवस्थापन विभाग।**

**सिक्किम लरकार,**

**गान्तोक**

फाइल सङ्ख्या ७३५ए/लआर अनि डीएमडी/एसीक्यू सिक्किम सरकार।

**सिक्किम फिल्म प्रमोशन बोर्डकी..**

निर्माताहरूको लागि सिक्किमको छाङ्गु ताल र अन्य सुटिङ गन्तव्यहरूको भ्रमण गर्ने बताउनुभयो। प्रारम्भमा अध्यक्षले स्वयंसेवक नियुक्ति,एमसी, निर्णयक मण्डल,अतिथि सत्कार,यतायात, स्थान, होटल बुकिङ स्टेज सजावट,स्टलको व्यवस्थापन,नृत्य तथा सांगीतिक प्रतियोगिता आयोजना र सञ्चारमाध्यम सम्बन्धी अन्य विभिन्न एजेन्डाबारे बोर्डका सदस्यहरूलाई जानकारी गराउनुभएको थियो। जस्तै पीआर समचार मिडिया कभरेज(राष्ट्रिय र अन्तराष्ट्रिय),उद्धरणको तयारी, समृति चिन्ह, प्रमाणपत्र,पुरस्कार सूचीको साथै सबै लाइन विभागहरूबाट जनशक्ति(पर्यटन,वित्त,शक्ति,प्रहरी गृह,पीएचई, यूडीडी, वन विभाग जीएमसी डीसी कार्यलय,एसपी पूर्व र अन्य)–लाई जानकारी गरिएको बताउनुभयो।

सभामुख र बोर्ड सदस्यहरूले कार्यक्रममा सरकारको राजस्व बढाउन र खर्च घटाउने विभिन्न उपायहरूबारे पनि छलफल गरिएको थियो। अन्तमा अध्यक्ष सुश्री पूजा शर्माले स्थानीय जनता र सबै सम्बन्धित विभागरूलाई कार्यक्रममा अत्याधिक सहभागीताको निम्ति आमन्त्रित गर्नुभयो र सिक्किम ग्लोबल फिल्म फेस्टिबलको आगमी दोस्रो संस्करणलाई सफल बनाउन सम्बन्धित विभागहरू,निजी स्वयंसेवकहरू, प्रायोजकहरू र आयोजकहरूबाट उदार समर्थन,सहयोगको निम्ति अपिल गर्नुभयो।

# मन्त्री सोनम लामाद्वारा विश्व शौचालय दिवसको अवसरमा आोजित कार्यक्रम

गान्तोक।
१९ नोभेम्बर, विश्व शौचालय दिवसको अवसरमा, स्वच्छता रथ अभियान को ग्रामीण विकास विभाग, सिक्किम सरकार, मन्त्री सोनम लामाले टाशिलिङ सचिवालयबाट झण्डा देखाउनुभयो।

ग्रामीण विकास विभागद्वारा आयोजित कार्यक्रममा प्रमुख सचिव, ग्रामीण विकास विभाग, श्री. सीएस राव लगायत विभागका अधिकारीहरूको उपस्थिति रहेको थियो।

मन्त्री श्री सोनाम लामाद्वारा सुरु गरिएको गाडीले गाउँहरूमा सरसफाइको बारेमा चेतना फैलाउन सिक्किमभर पाँच दिने भ्रमण गर्ने कार्यक्रम तय गरेको थियो।। गाउँपालिकाको सरसफाइको अवस्था र सचेतनाबारे पनि सर्वेक्षण गरी चार जिल्लालाई सोही अनुसार वर्गीकरण गरिने बताउनुभयो।

मन्त्री श्री सोनाम लामाले आफ्नो संक्षिप्त सन्देशमा आफ्नो वरपरको सरसफाई र सरसफाईमा जोड दिन आग्रह गर्नुभएको छ। उहाँले विभागले सरसफाईको सन्देश फैलाउन गरेको पहलप्रति खुशी व्यक्त गर्नुहुँदै अभियान टोलीप्रति प्रशंसा गर्नुभयो । प्रमुख सचिव, श्री. सीएस रावले कार्यक्रमको महत्वबारे बताउँनुहुँदै विभागका विभिन्न योजनाहरूको बारेमा पनि जानकारी दिनुभयो। उहाँले जनतालाई स्वच्छ खानेपानी उपलब्ध गराउन विभागले पहल गरेको पनि बताउनुभयो ।

## टाशिलिङ सचिवालयमा सम्पन्न..................

**वाणिज्य तथा उद्योग विभाग–**
लघु र मध्यम उद्यम(एमएसएमई) नीति २०२१ को स्वीकृति।
– सिक्किम औद्योगिक विकास र लगानी निगम लिमिटेड(एसआइडीआइसीओ) – वर्ष २०२१–२२ को वित्तीय अनुदान स्वरुप रु.५० लाख प्रदान गरिने निर्णय लिइयो।

**शिक्षा विभाग–**
सिक्किम विश्वविद्यालयलाई कञ्चनजङ्गा स्टेट विश्वविद्यालय नाम परिवर्तन गर्ने मञ्जुरी गरियो।
– सिम्फेडद्वारा ल्याब उपकरण, फर्निचर, सफ्टवेयेर र पुस्तकालय आपूर्तिको गरिने र यस कार्यको निम्ति नम्ति वस्तुगत अनुमोदित रु. १,३३,१६,५६० अनुमोदन गरियो ।

**खाद्य तथा नागरिक आपूर्ति विभाग–**
राष्ट्रिय खाद्य सुरक्षा ऐन,२०१३ अन्तर्गत आवश्याक भएअनुसार राज्य व्यवस्थापिका सभासमक्ष नियम र सूचनाहरू राख्ने स्वीकृति रहेको छ।

**स्वास्थ्य तथा परिवार कल्याण विभाग–**
एसटीएनएम अस्पताल र नाम्ची र गेजिङस्थित जिल्ला अस्पतालमा बहुविशिषिट सेवाको निम्ति उपकरण किन्नुको निम्ति रु.६.८५ करोड अनुमोदन गरियो।
एसआइसीबी कर्फेकटार र जिल्ला अस्पताल नाम्चीमा समर्पित कोभिड केयर अस्पतालको निम्ति उपकरण किन्न रु.३.९२ करोड अनुमोदन गरियो।
– वित्तीय वर्ष २०२१–२२ को निम्ति राष्ट्रिय आयुष मिशन र आयुष स्वास्थ्य र कल्याण केन्द्रहरूको परिचालन अन्तर्गत गतिविधिहरूको निम्ति रु.२२३.७२ लाख स्वीकृति गरिएको छ।

**गृह विभाग–**
सिक्किमका सबै पुलिस स्टेशनहरूमा सीसीटीभी क्यामेराहरू जडानको निम्ति रु.४,७१,७०,१८५अनुमोदन गरियो।

**भू राजस्व तथा आपदा व्यवस्थापन विभाग–**
सिक्किम विधानसभामा सिक्किम(जिल्लाहरूको पुनर्गठन) बिल, २०२१ पेश गर्नु अनुमोदित गरेको छ।

**कानून तथा सांसदाय मामिला विभाग–**
सिक्किम विधानसभाको अधिवेशन बोलाउनका निम्ति राज्यपाललाई सिफारिस गर्नको निम्ति मन्त्रीपरिषद्द्वारा स्वीकृति ।

**विद्युत विभाग–**
वर्ष २०२०–२१ मा अन्लाइन पावर बिलिङ आइटी सेवाहरूका निम्ति रु.१७४.५१ लाख अनुमोदन गरियो।

**जन स्वास्थ्य एवं अभियान्त्रिकी विभाग**
सोरेङ महकुमाअन्तर्गत सोरेङमा पेयजलापूर्ति योजना स्तरोन्नतिको र सुधारको निम्ति रु.४६०.५९ लाख अनुमोदन गरियो भने चालू वित्तीय वर्षको लागि रु.१५०.०० लाख आवण्टन गरिएको छ।

**ग्रामीण विकास विभाग–**
ग्रामीण क्षेत्रमा प्रधानमन्त्री आवास योजना कार्यन्वयन गर्नुको निम्ति रु. ५७,२८,९२०अनुमोदित
– राष्ट्रिय ग्रामीण आजीविका मिशनको कार्यन्वयनको निम्ति सिक्किम ग्रामीण मिशनलाई रु. ११.४७.९४ जारी गर्ने मञ्जुरी गरियो। सो योजनाको निम्ति रु.५,३२,५९,१९५ अतिरिक्त प्रशासनिक स्वीकृति रु.२,१३,०२,७०३ परियोजनाको निम्ति,पूर्व सिक्किमको नान्दोकदेखि एलएलएचपी नान्तोक सौरेनीसम्म ग्रामीण जडान सडकको साथमा टक्चम खोला मा ४० मिटर फलामको पुल निर्माणको निम्ति रहेको छ।

**खेलकूद तथा मामिला विभाग–**
जोरथाङमा खेलमैदान स्तरोन्नतिको निम्ति रु.७५६.५५ लाख अनुमोदन गरियो भने चालू वित्तीय वर्षको निम्ति रु.१००.०० लाख आवण्टन गरिएको छ।

**समाजिक न्याय तथा कल्याण विभाग–**
– वर्ष २०२१–२२ मा सिक्किम राज्यमा आगनवाडी सेवा(आइसीडीएस) योजना कार्यन्वयनको निम्ति रु.३२४१.५५ लाख अनुमोदन गरिएको छ।
–वर्ष २०२१–२२ मा राज्यमा प्रधानमन्त्री मातृ वन्दना योजना(पीएमएमभीवाइ) कार्यन्वयनको निम्ति रु. ४८१.४५ लाख अनुमोदन गरियो।।
– बाबु जगजीवन राम छात्रवास योजनाअन्तर्गत पूर्व सिक्किमको रिनक महाविद्यालयमा एउटा अनुसूचित जातिको छात्रावास निर्माण गर्न रु.३५०.०० लाख अनुमोदन गरियो भने वित्तीय वर्षको निम्ति रु.१५५.०० लाख अनुमोदन गरियो।
–छेत्री र बाहुन समुदायलाई **खस** जाति को रुपमा वर्गीकृत।
रु.१३७.५० लाख केन्द्रीय शेयरबाट र रु.१७.५० लाख सरकारी डिग्री कलेज बुर्तुकमा ओबीसी महिला छात्रावास निर्माणको निम्ति राज्य शेयरबाट रु.१७.५० लाख स्वीकृति रहेको छ।
– अशक्त व्यक्तिहरूसंग विवाहको निम्ति सिक्किम अनुदान पुरस्कार योजनाको निम्ति रु.८०.०० लाख जारी रहेको छ।

**पर्यटन तथा नागरिक उड्डयन विभाग–**
खेचीपेरीमा पर्यटन सुविधाहरुको विकासको निम्ति रु.५९५.९८ लाख अनुमोदन गरियो साथै चालू वित्तीय वर्षमा रु.१००.०० आवण्टन गरियो।
–इन्सस्टिच्युट अफ होटल म्यानेजमेन्ट,साजोङ,रूम्तेकलाई अनुदानको रूपमा रु.२,३०,००,००० जारी गरीएको छ।
– रोलु मन्दिर निर्माण र सुन्दरीकरणको निम्ति रु.४९६०.६४ लाख अनुमोदन गरियो भने चालू वित्तीय वर्षको लागि रु.१००.०० लाख आवण्टन गरियो।
– लाख मेगा होम स्टेको परियोजनाको निम्ति रु.५२१६६.५५रहेको छ।
–कुल लागतको प्रशासनिक स्वीकृति रु.५२१६६.५५ लाख रहेको छ।
– पूर्व सिक्किमको बुर्तुक हेलीपेडको पुनर्निर्माण र स्तरोन्नतिको निम्ति रु.७१६.२२ लाख अनुमोदन र वित्तीय स्वीकृति रु.१००.०० लाख रहेको छ।

**शहरी विकास विभाग–**
सेन्ट्रलपार्क नाम्चीको विस्तार कार्यको निम्ति रु.२१२७.९९ लाखदेखि वृद्धिगरी रु.२६५०.२५ लाख बनाएको छ

**जलस्रोत विभाग–**
अनुमोदित रु.५१९.०० लाख आङ्शिक रूपमा बन्द भएका साना सिँचाइ च्यानलहरूको पुनस्थापना र निकासीका निम्ति रु.५१९.०० लाख रहेको छ र आर्थिक स्वीकृति रु.२००.०० लाख रहेको छ।

# ओपन ब्याटमिन्टन च्याम्पियनशिप समाप्त




गान्तोक।
२१ नोभेम्बरः
सातौं हिमालयन ओपन ब्याडमिन्टन च्याम्पियनशिप भव्यताका साथ सम्पन्न भयो। नाम्ची ब्याडमिन्टन सङ्घ (बीएएन)–ले दक्षिण सिक्किमको नाम्ची जिम्नाजियम हलमा आयोजन गरेको उक्त चारदिने च्याम्पियनशिपको समापन कार्यक्रममा वन विभाग मन्त्री श्री कर्मा लोडे भोटिया मुख्य अतिथिका रूपमा उपस्थिति हुनुहुन्थयो। भने मुख्यमन्त्रीकी धर्मपत्नी कृष्ण राई विशिष्ट अतिथिका रुपमा सहभागी बन्नुभयो। यसरी नै कार्यक्रममा मुख्यमन्त्रीका राजनीतिक सचिव श्री जेकब खालिङ,सल्लाहकार गण, बीएएनका सदस्य र अन्यको उपस्थिति रहेको थियो।

चारदिने प्रतियोगितामा अण्डर–१५ महिला तथा पुरूष एकल, अण्डर–१९ महिला तथा पुरूष एकल, अण्डर १९–महिला तथा पुरूष एकल, महिला तथा पुरूष युगल, मिश्रित युगल र अन्य वर्गका प्रतियोगिता आयोजन गरिएको थियो।

प्रतियोगिता आयोजन गरिनुका मुख्य उद्देश्य भने उदीयमान ब्याडमिन्टन खेलाडीका लागि मञ्च उपलब्ध गराई उनीहरूको प्रतिभा निखार्न साथै खेलाडी र अन्य सहयोगीहरूलाई आफ्नो कला प्रदर्शन गर्ने अवसर प्रदान गर्नु रहेको हो। यो च्याम्पियनशिपले स्वास्थ्य, सुरक्षा र शारीरिक तन्दुरूस्तीलाई प्रवर्द्धन गर्दै प्रतिस्पर्धात्मक स्तरमा ब्यामिन्टन खेल्नसक्ने शारीरिक प्रतिभा विकास गर्ने लक्ष्य राखेको छ। च्याम्पियनशिपमा राज्य साथै दार्जीलिङ,कालेबुङ र खरसाङका विभिन्न ब्यामिन्टन सङ्घका लगभग चार सयजना खेलाडीको सहभागिता रहेको थियो।

## ताजा र प्रशोधित खाद्य......

सचिव, वाणिज्य तथा उद्योग विभाग, श्री एच.के.शर्माद्वारा उद्घाटन सम्बोधनमा उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण गर्न प्याकेजिङ्ले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। सिक्किम राज्यमा सबै उत्पादन छन् तर उत्पादनको बजारीकरण गर्न प्याकेजिङको ज्ञान नभएको उहाँले बताउनुभयो। दुई दिवसीय कार्यक्रमको मुख्य उद्देश्य राज्यका आम जनतालाई सिक्किमे उत्पादनको प्याकेजिङबारे प्रशिक्षण दिनु रहेको थियो।

ताजा र प्रशोधित खाद्य पदार्थको प्याकेजिङको सिद्धान्त र कार्यहरू, ताजा खानाको प्याकेजिङ, प्रशोधित खाद्य पदार्थ र फलफूल र तरकारीहरूको प्याकेजिङ जस्ता विभिन्न विषयहरू। कार्यक्रममा खाद्य उत्पादन र खाद्य उत्पादनको प्याकेजिङको भिडियो र प्याकेजिङ्ग सञ्चालनको प्रत्यक्ष प्रदर्शन र स्क्रिनिङ पनि प्रदर्शन गरिएको थियो।

कार्यक्रमको दोस्रो दिनमा खाद्य उत्पादनहरूका लागि प्याकेजिङ्ग सामग्रीहरूको परिक्षण र मूल्याङ्कन, एमएसएमई उद्यमीहरूको खाद्य उत्पादनहरूको लागि थर्मोफर्मिङ– छाला र ब्लिस्टर प्याकेजिङ र आपूर्ति श्रृंखला व्यवस्थापन र रसिदको लागि बार कोडिङ समावेश रहेको थियो। कार्यक्रममा अन्तरक्रियात्मक सत्र र तालिम प्रमाण पत्र पनि वितरण गरियो।

कार्यक्रममा निर्देशक, एमएसएमई, वाणिज्य तथा उद्योग विभाग, श्री रविकुमार, उप–निर्देशक–सह–शाखा प्रमुख, इन्स्टिच्युट अफ इन्डिया प्याकेजिङ्ग, कोलकाता केन्द्र, श्री विधान दास, एफपीओ, सिम्फेड, टेमी टी एस्टेट, निर्देशनालयका सदस्यहरूको उपस्थिति थियो। हस्तकला तथा हस्तकला, मसला बोर्ड, विभिन्न सहकारी संस्था, ग्रामीण तथा शहरी स्व–सहायता समूह, व्यक्तिगत उद्यमी र खाद्य प्रशोधन क्षेत्रमा संलग्न व्यक्तिहरूको उपस्थिति रहेको थियो।

सिक्किम सरकारको सूचना तथा जन–सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 2500 Cps.26. 11. 2021